# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २३ माघ २०७९

# सोमवार

# बैठक सङ्ख्या- ६, पहिलो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:५९ बजे प्रारम्भ भयो ।

(१२:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म उक्त पत्रको बेहोरा जानकारी गराउँदछु ।

विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा ।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले संवत् २०७९/०९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री रवि लामिछानेले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम मन्त्री पदबाट राजीनामा दिनुभएकोले प्रधानमन्त्रीको सिफारिसमा गृह मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध छ ।

(यादवप्रसाद कोइराला)

सचिव

मितिः २०७९/१०/१४

मानन‍ीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचन कार्यक्रमअनुसार उपाध्यक्ष पदमा सभाका माननीय सदस्य उर्मिला अर्याललाई निर्वाचित गरियोस् भन्ने एक मात्र प्रस्तावको सूचना प्राप्त हुन आएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब उक्त प्रस्तावका प्रस्तावक माननीय सभाका सदस्य एवम् उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठलाई सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुहुन अनुमति दिन्छु । समय १० मिनेट ।

(१२:०४ बजे) **माननीय श्री नारायणकाजी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा जस्तो गरिमामाय सदनको उपाध्यक्षको निर्वाचनमा मैले माननीय सदस्य उर्मिलाजीलाई प्रस्तावित गरेको कुरा यहाँहरू सबैलाई थाहा छ । यो प्रस्तावमाथि समर्थन गर्नुहुने औपचारिक समर्थन माननीयज्यूहरूलाई पनि म धन्यवाद दिन चाहन्छु । र जुन प्रकारले अरू कुनै पनि माननीय सदस्यहरूबाट यस पदमा उम्मेदवारी दर्ता भएन । त्यसले एउटा अत्यन्तै राम्रो, सकारात्मक सन्देश दिएको मैले ठानेको छु । यो देशमा हामीले राजनीतिक परिवर्तन हासिल गरिसकेपछि र त्यसलाई संस्थागत संविधानमार्फत गरिसकेपछि मूल कार्यभार देशको आर्थिक समृद्धिलाई तीव्रतापूर्वक अगाडि बढाउनु रहेको छ । राष्ट्रिय स्वाधीनताको रक्षा गर्दै यो सामाजिक न्यायसहितको समृद्धिको अभियानलाई तीव्र बनाउन त्यसलाई गुणात्मक फड्कोको विन्दुमा पुर्‍याउन नेपालका सबै राजनीतिक पार्टीहरू, सरकार, प्रतिपक्ष सबै पक्षहरू मिलेर एउटा राष्ट्रिय सहमतिको वातावारण निर्माण गर्दै जानुपर्ने आवश्यकता भएकोमा त्यसको बोध सबैबाट हुँदै गएको अनुभुति यसले गराएको छ । यसले सकारात्मक सन्देश दिएको छ । त्यसको निम्ति म सम्बन्धित सबैलाई हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छु ।

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले विश्वासको मत लिनुहुँदा प्रतिनिधि सभामा पनि त्यस्तै राष्ट्रिय सहमतिको सन्देश दिने गरी समर्थन प्राप्त भएको थियो । अहिले त्यसैको निरन्तरतामा राष्ट्रिय सभा जस्तो स्थायी यो गरिमामय सदनको उपाध्यक्ष जस्तो जिम्मेवार पदमा पनि त्यही प्रकारले एउटा सहमतिको सन्देश हामी सबैले जिम्मेवारीबोधका साथ दिन सफल भएका छौं । यसलाई हामी सबैले सकारात्मक अर्थमा लिनुपर्छ । र यसको अरू आयामहरूलाई पनि हामीले सकारात्मक दिशातिरमा अगाडि बढाउन पहल गर्नुपर्ने हुन्छ । हामीले राष्ट्रिय सभालाई जुन ढङ्गले सञ्चालन गर्नुपर्ने हो । यसको नेताका रूपमा राष्ट्रिय सभाका

सम्माननीय अध्यक्षज्यूले नेतृत्व सुयोग्य ढङ्गले गरिराख्नुभएको छ । यसमा अब अहिले नै सम्भवतः निर्वाचित घोषणा हुनुहुने उपाध्यक्षज्यूबाट पनि त्यस्तै महत्त्वको सकारात्मक योगदान हुने छ भन्नेसमेत मैले अपेक्षा गरेको छु । त्यसैले म धेरै लामो चर्चातिर नगईकन यो प्रक्रियाबाट देशले सकारात्मक दिशातिर अगाडि बढ्ने जुन प्रकारको एउटा गति प्राप्त हुने छ । त्यसलाई सबैले आगामी दिनमा पनि आत्मसात् गरौं भन्ने कुरा विनम्रतापूर्वक अपिल गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

(१२:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब उक्त प्रस्तावका समर्थक माननीय सदस्य देवेन्द्र दाहाललाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु । समय ५ मिनेट ।

(१२:१० बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी लामो समयपछाडि खाली रहेको यो राष्ट्रिय सभाको उपाध्यक्षको लागि निर्वाचित गर्न आज यहाँ उपस्थित भएका छौं । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भइसकेपछि पुष्पकमल दाहालको नेतृत्वमा संयुक्त सरकार बनेको छ । दुर्भाग्य भनौं । नेपाली जनताले कुनै पनि पार्टीलाई बहुमत दिएनन् । र अर्को सौभाग्य भनौं । हामीले संयुक्त सरकार निर्माण गरेर संयुक्त रूपले काम गर्ने अवसर प्राप्त गरेका छौं । कुनै पनि सरकार सञ्चालनको लागि नीतिगत निर्देशनको आवश्यकता पर्छ र त्यो निम्नतम साझा कार्यक्रमको मार्फतबाट त्यो प्राप्त भइसकेको छ र शक्ति बाँडफाँटको सन्दर्भमा आज हामी यहाँ राष्ट्रिय सभाको उपाध्यक्षको पदको निर्वाचन गर्न गइरहेका छौं र सहमतिको प्रस्ताव हामीले हिजै नै दर्ता गरिसकेका छौं । र अहिलेको सत्ता गठबन्धनको तर्फबाट माननीय उर्मिला अर्याललाई हामीले उपाध्यक्षको लागि प्रस्तावित गरेका छौं । माननीय उर्मिला अर्याल लामो समयदेखि कम्युनिष्ट आन्दोलनमा लाग्नुभएको एक जना योद्धा हो । उहाँ पहिले हाम्रो पार्टी नेकपा एमालेमा हुँदैखेरि म उहाँलाई चिन्छु र उहाँ जता रहे पनि कम्युनिष्ट आन्दोलनमा नै रहनुभयो । उहाँ त्यो पार्टीको जम्मेवारी वा महिला नेतृत्वको जिम्मेवारी वा सामाजिक अभियानताको जिम्मेवारी निर्वाह गरिरहँदाखेरि जहिले सुकै पनि सामाजिक सेवामा क्रियाशील रहनुभयो ।

त्यसैले माननीय उर्मिला अर्याल यो राष्ट्रिय सभाको गरिमामय उपाध्यक्ष पदको योग्य हुनुहुन्छ । र उहाँले आफ्नो उम्मेदवारी दर्ता गर्नुभएको र प्रस्तावकको रूपमा उपप्रधानमन्त्री तथा भौतिक मन्त्रीको रूपमा रहनुभएका माननीय नारायण काजी श्रेष्ठले प्रस्ताव गर्नुभएको छ । र उहाँले प्रस्ताव गर्नुभएको यो सभाको योग्य व्यक्तित्वको रूपमा रहनुभएको माननीय उर्मिला अर्याललाई मैले निर्वाचित हुनका लागि प्रस्तावलाई समर्थन गरिरहँदाखेरि मैले एउटा अपेक्षा गरेको छु राष्ट्रिय सभामा उपाध्यक्षको पदीय जिम्मेवारीलाई मर्यादित र निष्पक्ष ढङ्गले पूरा गर्नुहुने छ भन्ने विश्वास लिएको छु । त्यसैले मैले उहाँको समर्थन पनि गरेको हो । हाम्रो दलको तर्फबाट उहाँलाई यस सभामा सभाको उपाध्यक्ष निर्वाचित गरियोस् भनेर यसरी म प्रस्तावलाई समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सभाका माननीय सदस्य तथा उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायण काजी श्रेष्ठले सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी राख्नुभएको प्रस्तावको म समर्थन गर्दछु । धन्यवाद ।

(१२:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त प्रस्तावका अर्को सर्मथक माननीय सदस्य खिमलाल देवकोटालाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु । समय ५ मिनेट ।

(१२:१४ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सभाका माननीय सदस्य तथा उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठले सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भन्ने राख्नुभएको प्रस्तावको म समर्थन गर्दछु । साथै केही कुराहरू पनि राख्न अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय उर्मिला अर्याल निर्विरोध निर्वाचित भइसक्नुभा'को छ । केही छिनमा सभाले घोषणा पनि गर्दै छ । र वास्तवमा मलाई के पनि लाग्छ भने म वीरगञ्जमा मेरो काठमाडौंको यो कर्मभूमिभन्दा अगाडि म वीरगञ्जमा बसेर पढेको । म वीरगञ्जको क्याम्पस पढ्थें । वीरगञ्जको क्याम्पसहरू पनि पढाएँ । र मेरो वीरगञ्जदेखिको चिनजान हाम्रो उर्मिला अर्यालसँग हो । किनभने उहाँको कर्मभूमि पनि वीरगञ्जै हो । यो ढङ्गले पनि मैले अब

यो कतिपय हिजो पनि कतिपय मैले माननीय उर्मिला अर्याललाई समर्थन गर्दाखेरि यो खिमलाल चैं किन यो समर्थन गर्यो भनेर कतिपयले मलाई प्रश्न पनि गर्नुभो' । तर मलाई के लाग्छ भने उर्मिला अर्याल भनेको यो मुलुकको महिला आन्दोलनका अहिलेका समकालीन महिलाहरूसँग हामीले कम्पेर गर्दाखेरि त्यो हाइट बराबरको एकदम उच्च हाइट भ'को महिला हुनुहुन्छ । दुई दुईचोटि उहाँ मन्त्री पनि हुनुभो' । सायद २०६८ सालमा उहाँ स्थानीय विकास मन्त्री हुनुहुन्थ्यो । म ०६५ सालदेखि स्थानीय विकास मन्त्रालयमा त्यहाँ एक्सपर्टको रूपमा काम गरेको थिएँ ।

एउटा मलाई एउटा अनुभव छ । सायद हाम्रो माननीय उर्मिला अर्यालले बिर्सिनु पनि भयो होला । त्यो बेला हामी एउटा stock taking of fiscal decentralization in Nepal भनेर एउटा स्टडी गरिरा'का थियौं । अमेरिकाको डुक युनिभर्सिटीको एउटा पूर्वेक्षक आउनुभा' थियो रोथ केली भन्ने आउनुभा'को थियो । र उहाँले धेरै ठाउँमा, संसारको धेरै देशमा म घुमें । धेरै ठाउँमा हेरें । तर तेरो देशको यो महिलाहरू त त्यसै पनि यो डेभ्लोपिङ कन्ट्रीका महिलाहरू त्यसै पनि एकदम पछाडि परेका छन् । तर उर्मिला अर्यालजस्तो महिला मैले डेभ्लोप कन्ट्रीमा पनि देखिनँ भनेर हामीलाई भन्नुभा'को थियो । त्यो बेला हाम्रो पूर्वमुख्यसचिव विमल कोइरालालगायतको हाम्रो एउटा स्टडीको टिम पनि थियो । त्यो बेला मलाई एउटा जस्तो हामीले भर्खरै एउटा सङ्घीयताको सम्बन्धी एउटा हामीले अध्ययन पनि गर्यौं । एउटा यो हलले सर्वसम्मत रूपमा पास पनि गर्यो । त्यो स्टडीको सन्दर्भमा हामीले त्यो बेलामा हामीले, त्यो बेला local self-governance act भन्ने पनि थियो । LGA भन्थ्यौं हामीले । त्यसलाई टेकेर हामीले त अध्ययन गरेका थियौं । त्यसमा त्यो बेला स्थानीय निकाय, हामी त्यो बेला स्थानीय निकाय भन्थ्यो । त्यो बेला निर्वाचित जनप्रतिनिधि पनि थिएन । करिब करिब २० वर्ष यो नेपालमा स्थानीय निकायको चुनाव पनि हुन सकेन । र कहिलेकाहीं मलाई यो लाग्छ म विकेन्द्रकरणको विद्यार्थी पनि हो । स्थानीय विकास मन्त्रालयमा बसें अलिकति विकेन्द्रीकरणको वकालत पनि गरियो । र विकेन्द्रीकरण भनेको अर्थ तल अधिकार पठाउनु पनि हो । तर त्यो बेलामा यसपालि हाम्रो एउटा सिफारिस, एउटा प्रतिवेदनमा हामीले एउटा सिफारिस राखेका छौं । स्थानीय आजको डेटसम्म पनि यहाँले सङ्घीय मामिला मन्त्रालयको वेबसाइट हेर्नुभयो भने आजको डेट झन्नै झन्नै आर्थिक वर्ष समाप्त भएको १० महिना भइसक्यो । आजको डेटसम्म ५ वटा स्थानीय तहले अझ बजेटै लेरा'का छैनन् । हामीले त्यो बेला स्थानीय निकयको एउटा न्यूनतम सर्त र कार्य सम्पादन, मापन, मूल्याङ्कन गर्थ्यौं । त्यो बेलामा वीरगञ्ज महानगरपालिका, अहिले महानगरपालिका भा'को छ । त्यो बेला उपमहानगरपालिका थियो । त्यो फेल भ'को थियो ।

हामीले न्यूनतम सर्त मूल्याङ्कनमा फेल भ'को थियो । उहाँ वीरगञ्जको हुँदा पनि कम्तीमा त्यो फेल भए पनि यो राम्रो अभ्यास छ है । यसलाई चैं हामी निरन्तरता दिनुपर्छ भनेर हामीलाई सहयोग गर्नुभा'को थियो । त्यो अनुभव मलाई था' छ ।

र मलाई के लाग्छ भने यो संविधान मैले पटक पटक सङ्घीयताको कुरा गर्छु, संविधानको कुरा गर्छु । कहिलेकाहीँ मलाई के लाग्छ भने यो हामीले यो हलमा दख्यौं भने यस्तो खारिएको महिलाहरू हुनुहुन्छ । विभिन्न ..... आन्दोलनबाट आउनुभ'को महिलाहरू हुनुहुन्छ । वास्तवमा हामीले यो संविधान नल्या'को भए यो विभिन्न वर्ग, क्षेत्रको यस्तो खालको उपस्थिति हामीले यहाँ पाउने थिएनौं, देख्ने थियनौं । र मलाई के पनि लाग्छ भने यो संविधानको कारणले, यो संविधानको कारणले उर्मिला अर्याललगायतका महिलाहरू यहाँ शारदा देवी भट्ट पनि हुनुहुन्छ । उहाँ यस्तो उहाँहरूको कथा, व्यथा सुन्दाखेरि हामीलाई एउटा कस्तो हुन्छ । हाम्रो आङै सिरिङ्ग हुने खालको छ । त्यसकारण म आफूले पनि व्यक्तिगत रूपमा उर्मिला अर्याल भनेको यो मुलुकको राष्ट्रपति हुने त्यो तागत राख्नुहुन्छ र त्यसकारणले यो महिलाहरू, यो महिलाहरूलाई चैं यो अवसर दिनुपर्छ । त्यसकारणले यो उपाध्यक्ष भनेको पद (मैले अलिकति थोरै समय लिएँ सम्माननीय अध्यक्ष महोदय ।) त्यसकारणले यो पदमा उपाध्यक्ष किनभने उहाँ अगाडि नि सर्नुभयो । यो पद अलि सानो खालको पद पनि हो । तर उहाँजस्ता महिलाहरू अगाडि आउनुपर्छ । हामी एक वर्षपछि यो हलका हामी २० जना हामीको समय पनि सकिँदै छ । सम्माननीय अध्यक्ष, मसहितका यहाँ हामी २० जना सक्छौं । अब यो अध्यक्ष पदमा, यो अध्यक्ष पदमा मानिलिऊँ उर्मिला अर्याल, माननीय उर्मिलालगायत अरू महिलाहरू, तपाईंहरू पनि हुनुहुन्छ । तपाईंहरू यो पदमा आउनुपर्छ । यो मुलुकको राष्ट्रपति अहिले हामीले महिला पा'का छौं । त्यसकारण यो ठाउँमा संसारको कुनै पनि देशमा गएर हामीले भन्नुपर्ने स्थिति आउँदाखेरि चैं के छ भने नेपालको यो संविधानले समानुपातिक समावेशी र सहभागितामूलक जुन प्रतिनिधित्व गराएको छ संसारको सबभन्दा उत्कृष्ट छ । भारतको पार्लियामेन्टमा हामिले हेर्दाखेरि १५ प्रतिशत मात्रै महिलाहरूको उपस्थिति छ । चीनमा २५ प्रतिशत मात्रै छ । संसारका १७८ ओटा देशमा महिलाको उपस्थिति भनेको २८ प्रतिशत छ । तर नेपालको पार्लियामेन्टमा ३३ प्रतिशतसम्म महिलाको उपस्थिति छ । त्यसकारण हामीले यो संविधानलाई जोगाऊँ । यो व्यवस्थालाई जोगाऊँ । त्यसकारण भएको उपलब्धिलाई संस्थागत गर्दै थप उपलब्धिको लागि चैं हामीले लडाइँ लड्न एकदम जरुरी छ । मैले यति भन्दै फेरि पनि माननीय उर्मिला अर्याललाई मैले जुन नारायणकाजी श्रेष्ठ माननीय मन्त्री, उपप्रधानमन्त्रीज्यूले प्रस्ताव राख्नुभा'को त्यसमा मेरो समर्थन छ । हवस् त, धन्यवाद । नमस्कार ।

(१२:२० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्वाचित गरियोस् भनी एउटा मात्र प्रस्तावको सूचना प्राप्त भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८ बमोजिम सभाका माननीय सदस्य उर्मिला अर्याललाई राष्ट्रिय सभाको उपाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उपाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा माननीय उर्मिला अर्याललाई मेरो व्यक्तिगत एवम् राष्ट्रिय सभाको तर्फबाट हार्दिक बधाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । माननीय सदस्यहरू यो बैठक आजै २१ मिनेटपछि पुनः बस्ने गरी स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक आजै २१ मिनेटपछि पुनः बस्ने गरी स्थगित भयो ।)

**स्थगितः १२:२१ बजे ।**